# पुथा उत्तरगङ्गा गाउँपालिका
# स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०८०

***गाउँसभाबाट स्वीकृत मितिः२०८०।०३।०८ गते***

**पुथा उत्तरगङ्गा गाउँपालिका**
**रुकुम पूर्व**
**लुम्बिनी प्रदेश, नेपाल**

**प्रस्तावना:**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिका तथा नगरपालिकाले बनाएको ऐन, नियम,निर्देशिका,कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्र प्रकाशन गर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहेको विभिन्न भागहरुको व्यवस्था गर्न स्थानीय राजपत्र नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मुल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न पुथा उत्तरगङ्गा गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम पुथा उत्तरगङ्गा गाउँ सभाको मिति २०८०।०३।०८ गतेको बैठकले यो ऐन स्वीकृत गरी लागू गरेको छ।

**भाग -१**

**प्रारम्भिक**

१. **कार्यविधिको नाम :** यस ऐनको नाम स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०८० रहेको छ।

२. **कार्यविधि लागू हुने :** यो कार्यविधि पुथा उत्तरगङ्गा सभाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

**भाग-२**

**स्थानीय राजपत्रको भाग र ढाँचा**

३. **स्थानीय राजपत्रका भागहरु:** स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिम भागहरुमा वर्गीकरण गरिएको छ।

४. **स्थानीय राजपत्रको ढाँचा:** १. स्थानीय राजपत्रको ढाँचा अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ।
२. स्थानीय राजपत्रको कागज तथा अक्षरको साइज र फन्ट अनुसूचि-३ मा उल्लेख भए बमोजिम हुनेछ।

५. **खण्डको व्यवस्था:** स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष (उदाहरण लागि २०८० साललाई १,२०८१ साललाई २),कायम गरी तयसपछि क्रमश: जति वर्ष भयो त्यति नै सङ्ख्या उल्लेख गरी प्रकाशन गरिनेछ।

६. **स्थानीय राजपत्रको सङ्ख्या:** (१) स्थानीय राजपत्रको सङ्ख्या कायम गर्दा क्रमश: सङ्ख्या कायम गरिनेछ।

(२) उपदफा (१) बमोजिम सङ्ख्या कायम गर्दा नेपाली वर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमश: सङ्ख्या राखी अर्को वर्ष शुरु भएपछि नयाँ सङ्ख्या शुरु गरिनेछ।

७. **स्थानीय राजपत्रमा प्रकाशन गर्ने सामाग्री :** स्थानीय राजपत्र प्रकाशन गर्दा बिषयवस्तुसँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भए भाग-१ उल्लेख गर्ने) त्यसगछि प्रकाशन सामाग्री

(ऐन,नियम,कार्यविधि,निर्देशिका,मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण बेहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ।

८. **स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारी:** स्थानीय राजपत्र पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले” भन्ने बेहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ।

## भाग-३
## स्थानीय राजपत्रको प्रकाशन अभिलेख तथा वितरण

९. **स्थानीय राजपत्र प्रकाशन जिम्मेवारी:** (१) कार्यपालिकाले कुनै शाखा वा इकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कामका लागि कार्य विवरण सहित जिम्मवारी तोक्नेछ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखा वा इकाईबाट मात्र स्यानीय राजपत्र प्रकाशन गरिनेछ।

१०. **प्रकाशन पूर्व सम्पादन गर्नुपर्ने:** (१) प्रकाशन हुने सामाग्री गाउँ कार्यपालिकाको कानून सम्बन्धी विषय हेर्ने शाखा वा इकाईबाट सम्पादन गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पादित प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/इकाईमा पठाईनेछ।

११. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:** (१) प्रमाणीकरण भई आएका सामाग्रीको अभिलेख दुरुस्त राखिनेछ।

(२)उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तकामा प्रकाशन भएका सामाग्रीको सिलसिलेवार सङ्ख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ।

(३)प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले उपदफा (२) बमोजिको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ।

१२. **नि:शुल्क रुपमा उपलब्ध गराउनु पर्ने:** गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशित प्रति देहायका निकायमा नि:शुल्क रुपमा उपलब्ध गराइनेछ;

- नेपाल सरकार र प्रदेश सरकारको सङ्घीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,
- जिल्ला समन्वय समिति,

- गाउँपालिकाको सूचना अभिलेख केन्द्र,
- सम्बन्धित स्थानीय विभाग/महाशाखा/शाखा,र
- गाउँपालिकाका प्रत्येक वडा कार्यालय

१३.**वेब साइटबाट सार्वजनिक गर्नुपर्ने:** गाउँपालिकाबाट प्रकाशित स्थानीय राजपत्रलाई गउँपालिकाको वेब साइटमा छुट्टै खण्ड (अलग पोर्टल) निर्माण गरी सोबाट समेट सार्वजनिक गरिनेछ।

१४.**बिक्री वितरणको व्यवस्था तथा बिक्री मूल्य:** (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना अभिलेख केन्द्र तथा तोकिएको शाखा वा इकाईमार्फत बिक्री वितरणको व्यवस्था मिलाइनेछ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिको बिक्री मूल्य निर्धारण गरिएको छ।

(क) **बार्षिक सदस्य बनाई बिक्री गर्दा:** वडा कार्यालय वा पुथा उत्तरगङ्गा गाउँपालिका बाट बुझिलिने गरी बार्षिक सदस्यता शुल्क लिई बिक्री गरेमा बार्षिक रु-५००/-(पाँच सय मात्र)

(ख) **खुद्रा बिक्री गर्दा:** स्थानीय राजपत्र सदस्य नभएको कुनै व्यक्ति वा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्री मूल्य तोकिएको छ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५ मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२० मात्र
- ५७ देखि ७२ पेज सम्म एक प्रतिको रु.२५ मात्र
- ७३ देखि ९६ पेज सम्म एक प्रतिको रु.५० मात्र
- ९७ देखि बढी जति पेज हुन्छ,त्यसमा थप प्रति पेज २८ पैसाका दरले थप शुल्क लिइनेछ।

१५.**बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मा गर्ने:** स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ।

१६.**ऐनको व्याख्या:** यस ऐनको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१७.**बचाऊ:** यो ऐन लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन,ऐन,नियम,निर्देशिका,कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ।

**अनुसुची -१**
**(दफा ३ सँग सम्बन्धित)**

स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरू

**भाग-१**

यस भागमा स्थानीय सभाबाट पारीत भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन, नियम र नियमावलीहरू प्रकाशन गरिनेछ ।

**भाग-२**

यस भागमा गाउँ कार्यपालिकाबाट जारी निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको बेहोरा प्रकाशन गरिनेछ ।

**अनुसूची-२**

**(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)**

पुथा उत्तरगङ्गा गाउँपालिका

# <u>स्थानीय राजपत्र</u>

खण्ड : ........ सङ्ख्याः............ मिति : २०८०।०३।०९ गते

**भाग-१**

पुथा उत्तरगङ्गा गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण बेहोरा

**<u>आज्ञाले</u>**

नाम

प्रमुख प्रशासकीय अधिकृत

पुथा उत्तरगङ्गा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ........ सङ्ख्या:............ मिति : २०८०।०३।०९ गते

**भाग-१**

पुथा उत्तरगङ्गा गाउँपालिका

ऐन तथा सभाले बनाएको नियमको सम्पूर्ण बेहोरा

**आज्ञाले**

नाम

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूचि-३**
**दफा ४ को उपदफा २ सँग सम्बन्धित**

**<u>स्थानीय राजपत्रको पेपर र फन्ट साइज</u>**

१. कागजको साइज : A5 (5.83"x8.27")

२. अक्षर (फन्ट) को साइज : १६ प्वाइन्ट, फन्ट : कोकिला वा १२ प्वाइन्ट, फन्ट : कान्तिपुर/प्रीति